# गुराँस राजपत्र

## गुराँस गाउँपालिका द्वारा प्रकाशित

खण्ड १०    संख्या ३    मिति २०८३।०४।०१

भाग १

**गुराँस गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणका लागि प्रकाशन गरिएको छ ।**

## गुराँस गाउँपालिकाको आर्थिक ऐन, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले गुराँस गाउँपालिकाको आर्थिक ऐन, २०८३ जारी गरेको छ ।

# गुराँस गाउँपालिकाको आर्थिक ऐन, २०८३

**सभाबाट स्वीकृत मितिः२०८३/०३/३१**

**प्रमाणीकरण मितिः २०८३/०४/०१**

**प्रस्तावनाः** गुराँस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गुराँस गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ सालको श्रावण १ गते देखि गुराँस गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्र भित्र अनुसूची १ बमोजिमको सम्पति कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत)** गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने छ र असूल उपर गरिनेछ।

४. **घर जग्गा बहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकम अनुसूची ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची ५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको सञ्चित कोषमा बाँडफाँड गर्नुपर्ने।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नु पर्नेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम मनोरञ्जन व्यवसमय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नु पर्ने।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूची ९ मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची १० बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, साईकिलिङ्ग, जिपफ्लायर र र्याहफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याहफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची ११ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. **पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूची १३ मा उल्लेखित दरमा पर्यटन प्रवेश शुल्क लगाइने र असुल उपर गरिनेछ।

१५. **ढुङ्गा, गिट्टी, बालुवा तथा सिलेट ढुवानी तथा निकासी करः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा तथा सिलेटको ढुवानी तथा निकासी गरे वापत अनुसूची १४ मा उल्लेखित दरमा कर लगाइने र असुल उपर गरिनेछ।

१६. **दहत्तर बहत्तर शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका काठ दाउरा (प्रचलित कानून बमोजिम निकासी गर्न मिल्ने) को निकासी गरे वापत अनुसूची १५ मा उल्लेखित दरमा दहत्तर बहत्तर शुल्क लगाइने र असुल उपर गरिनेछ।

१७. **घर नक्शापास दस्तुरः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका घर निर्माण तथा घर अभिलेखिकरण प्रयोजनका लागि अनुसूची १६ बमोजिमको घर नक्सापास दस्तुर लगाइने र असुल उपर गरिनेछ।

**१८. एम्बुलेन्स शुल्कः** गाउँपालिकाले आफ्नो गाउँपालिकाको नागरीकहरुलाई औषधी उपचार तथा अस्पताल सेवामा सहजता प्रदान गर्न एम्बुलेन्स सञ्चालन गर्न सक्ने र एम्बुलेन्स उपयोग वापत अनसूची १७ वमोजिम सहुलियत शुल्क लगाइने र अशुल गरिनेछ।

**१९. सवारी साधन उपयोग शुल्कः** गाउँपालिकाले गाउँपालिकाका क्षेत्र भित्रका योजना, निर्माण कार्य तथा अन्य गाउँपालिका भित्रका व्यक्तिहरुको व्यक्तिगत निर्माण कार्य गर्दा गाउँपालिकाको ब्याकहो लोडर प्रयोग गर्न सक्ने र ब्याकहो लोडर प्रयोग वापत अनुसूची १८ वमोजिकको बहाल शुल्क लगाइने र अशुल गरिनेछ।

२०. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

२१. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची १
### (दफा २ संग सम्वन्धित)
### सम्पति कर

| सि.नं. | कर शिर्षक | स्वीकृत कर रु (कुल सम्पतिको) | कैफियत |
|---|---|---|---|
| १ | सम्पति कर | ०.०६ प्रतिशत | |
| २ | माटोले / खरले छाएको घर | १०० वार्षिक | |
| ३ | स्लेट जस्ताले छाएको घर | २०० वार्षिक | |

| | | | |
|---|---|---|---|
| ४ | टिनले छाएको घर | २०० वार्षिक | |
| ५ | पक्की घर | ५०० वार्षिक | प्रतितला थप १५० रुपैंया |

**अनुसूची-१(क)**

**(दफा २ सँग सम्बनधित)**

**सम्पति करको दर**

| **कर योग्य  सम्पत्तिको मूल्य** | **वार्षिक दर** |
|---|---|
| पाँच लाख रुपैया सम्मको मूल्याङ्कनमा | न्यूनतम रु १०० |
| पचास लाख रुपैया सम्म | ०.०२५ प्रतिशत |
| एकाउन्न लाख देखि एक करोड रुपैया सम्म | ०.०३ प्रतिशत |
| एक करोड एक लाख देखि दुई करोड रुपैया सम्म | ०.०४ प्रतिशत |
| दुई करोड एक लाख  रुपैया देखि तीन करोड रुपैया सम्म | ०.०५ प्रतिशत |
| तीन करोड एक लाख रुपैया देखि पाँच करोड रुपैया सम्म | ०.०६ प्रतिशत |
| पाँच करोड भन्दा माथि | ०.०७ प्रतिशत |

## अनुसूची २
## (दफा ३ संग सम्वन्धित)
## भूमि कर (मालपोत)

| भूमि कर (मालपोत) | | | |
|---|---|---|---|
| **सि.नं.** | **दर** | **पुष्ट्याई** | **कैफियत** |
| १ | अनुसूचि २ (क) बमोजिम लगाउने । | प्रगतिशिल करको सिद्धान्त अनुसार | घरले चर्चेको जग्गा बाहेकमा मालपोत कर लगाइने, वार्षिक रुपमा कर नतिरेमा कर रकमको १०% जरिवाना लाग्ने र विगत वर्षका बक्यौतामा समेत यसै बमोजिम हुनेछ । प्रत्येक बर्ष कर नतिरेमा प्रत्येक बर्ष जरिवाना थप ५ प्रतिशत लाग्ने छ । |

## अनुसूची २ (क)
## (दफा ३ संग सम्वन्धित)
## भूमि कर (मालपोत)

| क्षेत्र | वर्गिकरण | स्थान | न्यूनतम मूल्य (प्रति ५०० व.मि.) | मुल्याङ्कित रकमको आधारमा (रु.मा) |
|---|---|---|---|---|
| | क | तल्लो डुङ्गेश्वर बजार क्षेत्र वडा नं. २, | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |

| | | | | |
|---|---|---|---|---|
| व्यापारिक | ख | ताल पोखरी देखी घोडाबास बजार क्षेत्र वडा नं ४, | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |
| | ग | तालपोखरि, सालतडा र लोवाखोला सडक वापटोमा पर्ने तर व्यापारिक क्षेत्रमा नपर्ने कित्ता को लागी | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |
| | घ | गाईवान्ना देखि घोडावास वजार क्षेत्र मा नपर्नै सडक वाटोमा पर्ने तर व्यापारिक क्षेत्रमा नपर्ने कित्ताका लागी | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |
| | ग | गुराँसे देखि रानीमत्ता बजार क्षेत्र वडा नं. ४ र ५, | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |
| | घ | धरमपोखरा देखि चाँदनी बजार क्षेत्र वडा नं. ७ र ८ | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |
| आवासीय (बजार उन्मुख क्षेत्र) | क | पातल खोला बजार क्षेत्र वडा नं. १ | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |
| | ख | दोबाटो बजार क्षेत्र वडा नं. ४ | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |
| | ग | पातिकान्ला बजार क्षेत्र वडा नं. ३ , | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |
| | घ | बुबै राखे/कान्छिबजार क्षेत्र वडा नं. ५, भिउचुला देखि घिउपोखरी सम्मका बाटो वरीपरीका बजार क्षेत्र वडा नं. ६ र ८, जिरो पोइन्ट देखि तल्लो डुङ्गेश्वर सडक वरीपरी | मालपोत कार्यालयले तोके बमोजिम | ०.०२०% |
| कृषि | क | वन र बगर क्षेत्रमा परेका बाहेकका खेत तथा मूल्याङ्कन हुन छुट भएका | मालपोत कार्यालयले तोके बमोजिम | ०.०३०% |
| | ख | वन र बगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु तथा मूल्याङ्कन हुन छुट भएका | मालपोत कार्यालयले तोके बमोजिम | ०.०३०% |
| वन र बगर | क | खोला भित्र परेका वा खोला किनारले छोएका जग्गाहरु तथा मूल्याङ्कन हुन छुट भएका | मालपोत कार्यालयले तोके बमोजिम | ०.०४०% |

**पुनश्च : गुराँस गाउँपालिका क्षेत्रमा पर्ने सम्पूर्ण भिरपाखा वारीहरु मुल्याङकित रकमको आधारमा ०.०४०% कायम रहने छ।**

## अनुसूची ३

**(दफा ४ सँग सम्बन्धित)**

## घर जग्गा बहाल कर

| सि.नं. | बहाल रकम | करको दर | कैफियत |
|---|---|---|---|
| १ | घर बहालको दर | १०% | वहाल सम्झौताको |
| २ | कृषि प्रयोजनका लागि जग्गा बहालको दर | २.५% | वहाल सम्झौताको |
| ३ | व्यावसायिक प्रयोजनका लागि जग्गा बहालको दर | ५% | वहाल सम्झौताको |
| २ | गाउँ पालिका हल भाडा जिल्ला भित्र तथा संघ संस्था | रु.१५००।०० | प्रतिदिन |
| ३ | हल भाडा जिल्ला बाहिर | रु २०००।०० | प्रतिदिन |
| ४ | पालिकाका कार्यक्रमहरु | रु १००० | प्रतिदिन |

# अनुसूची ४
## (दफा ५ सँग सम्बन्धित)
## व्यवसाय कर

| सि.नं. | मर्मत तथा सम्भार सेवा तर्फ (दर्ता तथा नवीकरण) | | दर रु (वार्षिक) २०८३।०८४ |
|---|---|---|---|
| क) | **सवारी साधन** | | |
| १ | चारपाङ्गे गाडी मर्मत ग्यारेज | | ४००० |
| २ | मोटर साइकिल मर्मत ग्यारेज | | २००० |
| ३ | रेडियो, घडी, मोबाइल तथा विभिन्न उपकरण मर्मत | | १००० |
| ४ | टायर पंचर टाल्ने र टायरमा हावा भर्ने | | १००० |
| ५ | सवारी टेन्ट, पेन्ट गर्ने पसल | | १००० |
| ६ | सवारी साधनको सिट हुट बनाउने पसल | | १००० |
| ७ | साइकल, कुकर, पंखा, छाता, स्टोभ आदि मर्मत | | ५०० |
| ख) | **स्वास्थ्य सेवा तर्फ (दर्ता तथा नवीकरण)** | | |
| १ | स्वास्थ्य क्लिनिक वा निजी क्लिनिक(एक पटक) | | ५००० |
| २ | X-ray, Lab सुविधा सहितको डाक्टर सेवा भएको मेडिकल | | ३५०० |
| ३ | दाँत उपचार केन्द्र(एक पटक) | | १००० |
| ४ | डाक्टर सेवा भएको मेडिकल पसल | | १००० |
| ५ | बैद्यखाना तथा अन्य क्लिनिक, ल्याव | | १००० |
| ग) | **शिक्षा सेवा (दर्ता तथा नवीकरण)** | | |
| १ | कक्षा ८ को मार्कसिट प्रतिलिपी | | २५० |
| २ | निजीस्तरबाट संचालित  मोन्टेश्वरी | | १०००० |
| ३ | आधारभुत तह निजि विद्यालय | | १५००० |
| ४ | मा.वि. तहका निजी विद्यालय | | ३०००० |
| ५ | निजी स्तरका क्याम्पस | | ३५००० |
| ६ | Typing Computer तथा भाषा प्रशिक्षण केन्द्र | | ५००० |
| ७ | ट्यूशन सेन्टर स्थापना | | १०००० |
| घ) | **संचार सेवा तर्फ (दर्ता तथा नवीकरण )** | | |
| १ | साइबर तथा इमेल इन्टरनेट  पेजिङ्ग) आदि | | **१०००** |
| २ | फोटोकपी, | | १००० |
| ३ | एफ.एम. रेडियो | | ५००० |
| ४ | नेपाल टेलिकम बाहेकका टेलिफोन संचालक | | २५०० |
| ५ | केवल नेटवर्क | | **५०००** |

| | | | |
|---|---|---|---|
| **च)** | **वित्तीय सेवा तर्फ (दर्ता तथा नवीकरण )** | | |
| १ | विभिन्न प्राइभेट वाणिज्य बैंकहरुको व्यवसाय कर | | ७००० |
| २ | **कृषी** सहकारी संस्थाहरु (गाउपालिका भित्र दर्ता भएका वा नभएका दुवैलाई व्यवसाय कर ) | | १००० |
| ३ | वत्तीय तथा बहुउदेश्यीय सहकारी संस्थाहरु | | **२५००** |
| ४ | बीमा कम्पनीहरुलाई व्यवसाय कर | | २५०० |
| ५ | मनिट्रान्सफर | | **१०००** |
| **छ)** | **होटल लज तथा रेष्टुरेन्ट बार (दर्ता तथा नवीकरण )** | | |
| १ | उच्च स्तरको लजिङ्ग, फुडिङ्गको सुविधा भएको होटल (श्रेणि क) | | **१५०००** |
| २ | सामान्य स्तरको लजिङ्ग, फुडिङ्गको सुविधा भएको होटल (श्रेणी ख) | | **४०००** |
| ३ | राम्रो खालको रेष्टुरेण्ट एण्ड खाजा घर (श्रेणी ग) | | ३००० |
| ४ | सामान्य खालको रेष्टुरेण्ट एण्ड खाजा घर मदिरा रहित | | २००० |
| **ज)** | **चाटपसल (दर्ता तथा नवीकरण )** | | |
| १ | चाट पसल | | ५०० |
| **झ)** | **सुनचाँदी पसल (दर्ता तथा नवीकरण )** | | |
| १ | थोक रुपमा तथा मेशिनद्वारा गहना बनाई बिक्रि गर्ने पसल | | ५००० |
| २ | साना तथा हाते गहना बनाई बिक्रि गर्ने पसल | | २५०० |
| ३ | गहना बनाउने तथा मर्मत गर्ने पसललाई | | २००० |
| **ञ)** | **मदिरा पसल (दर्ता तथा नवीकरण )** | | |
| १ | थोक बिक्रि पसल | | १०००० |
| २ | खुद्रा बिक्रि पसल | | ३००० |
| **ट)** | **मासु पसल (दर्ता तथा नवीकरण )** | | |
| १ | एक भन्दा बढि आइटम राखी मासु बेच्ने पसल | | २००० |
| २ | राँगा, खसी र बुंगुर मध्ये कुनै एकको मात्र मासु बेच्ने पसल | | १००० |
| ३ | माछा, कुखुरा, हाँस तथा अन्य पंक्षीको मासु बेच्ने पसल | | १००० |
| **ठ)** | **स्टिल काठ फर्निचर कार्पेट बिक्रेता (दर्ता तथा नवीकरण )** | | |
| १ | काठ फर्निचर | | ५००० |
| २ | स्टल कार्पेत फर्निसिंह | | ४००० |
| **ड)** | **निजी तथा साझेदारी उद्योग/व्यवसाय फर्महरु पसल (दर्ता र नवीकरण)** | | |
| १ | उद्योग व्यावसाय दर्ता तथा नविकरण ५ लाख सम्मको | | १००० |
| २ | उद्योग व्यावसाय दर्ता ५ देखि १० लाख पुजी सम्मको | | ४००० |
| ३ | उद्योग नामसारी नाम परिवर्तन ठाउँसारी कारोवार थपघट शाखा दर्ता दस्तुर | | ५०० |
| ४ | अवधि भित्र दर्ता दस्तुरको २० प्रतिशत, अवधि समाप्त भएको मितिले ३ महिना सम्मको लागि दर्ता दस्तुरको ५० प्रतिशत लाग्ने। | | |
| ५ | अवधि समाप्त भएको १ बर्ष सम्मका लागि दर्ता दस्तुर बराबरको रकम नविकरण शुल्क लाग्ने। | | |

| | | | |
|---|---|---|---|
| ६ | अवधि समाप्त भएको १ बर्ष भन्दा बढी भएमा प्रत्येक बर्षका लागि दर्ता दस्तुर बराबरको रकम लाग्ने। | | |
| ढ) | **मेटल वर्कशप (दर्ता तथा नवीकरण )** | | |
| १ | क श्रेणी (ग्रिल सटर निर्माण समेत) | | १००० |
| २ | ख श्रेणी (सामान्य ग्रिल मर्मत) | | ५०० |
| ण) | **तरकारी र फलफुल पसल (दर्ता तथा नवीकरण )** | | |
| १ | थोक पसल (क) मण्डि पसल | | २००० |
| २ | थोक पशल (ख) गाडिमा | | १००० |
| ३ | खुद्रा पसल | | ५०० |
| त) | **मिलहरु** | | |
| १ | कुटानि पिसानि पेलानी मिल | | ५००० |
| २ | कुटानि पिसानी मिल | | ३००० |
| ३ | साधारण पिसानि मिल | | २००० |
| थ) | **किराना तथा खाद्य पसल (दर्ता तथा नवीकरण )** | | |
| १ | गाउँपालिकाका उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको | | २५०० |
| २ | गाउँपालिकाका मध्यम स्तरको किराना तथा खाद्य पसल (बिक्रि कक्षको | | १५०० |
| ३ | गाउँपालिकाका निम्न स्तरको किराना तथा खाद्य पसल | | १००० |
| ४ | दैनिक उपभोग्य खाद्य पसल | | १००० |
| द) | **काँचो कपडा, रेडिमेड फेन्सी तथा जुत्ता पसल** | | |
| १ | गाउँपालिकाका उच्च स्तरको पसल ( गोदाम समेत राखेका थोक पसल | | ३००० |
| २ | गाउँपालिकाका मध्यम स्तरको पसल (बिक्रि कक्षको अतिरिक्त गोदाम राखेको | | २००० |
| ३ | गाउँपालिकाका सामान्य स्तरको पसल (सामान्य विक्रि कक्षमात्र भएको | | १००० |
| ४ | उन तथा उनको कपडाको थोक बिक्रेता | | १००० |
| ५ | उन तथा उनको कपडाको फुटकर बिक्रेता | | ५०० |
| ६ | ग्यास डिलर | | २००० |
| ७ | शाखा डिलर | | १५०० |
| ध) | **टेन्ट हाउस (दर्ता तथा नवीकरण )** | | |
| १ | टेन्ट हाउस उच्च स्तरको | | २००० |
| २ | टेन्ट हाउस सामान्य स्तरको | | १००० |
| न) | **प्लाष्टिकजन्य पसल (दर्ता तथा नवीकरण )** | | |
| १ | थोक पसल | | १००० |
| २ | खुद्रा पसल | | ५०० |
| प) | **कम्प्यूटर, मोबाइल, टि.भी. रेडियो, घडी तथा अन्य विद्युतीय सामान्य बेच्ने** | | |
| १ | गाउपालिकाका उच्च स्तरको पसल कम्प्यूटर टि.भी. आदि डिलर तथा ठूलो होलसेल पसल | | २००० |

| | | | |
|---|---|---|---|
| २ | गाउपालिकाका मध्यम स्तरको पसल कम्प्यूटर टि.भी. आदि मध्ये कुनै एकको डिलर भएता पनि सानो पसल | | १५०० |
| ३ | गाउपालिकाका सामान्य किसिमको पसल | | १००० |
| ४ | रेडियो घडी मात्र राखेको सामान्य पसल | | ५०० |
| **फ)** | **भाँडा पसल (दर्ता तथा नवीकरण )** | | |
| १ | क श्रेणीमा पर्ने (सजावट तथा उपहारका सामान समेत राखेको) | | २००० |
| २ | ख श्रेणीमा पर्ने | | १००० |
| ३ | सामान्य पसल | | ५०० |
| **ब)** | **कुखुरा पसल व्यवसाय (दर्ता तथा नवीकरण )** | | |
| १ | १००० भन्दा बढि कुखुरा पाल्ने फम | | १५०० |
| २ | ५०० देखि १००० सम्म कुखुरा पाल्ने फम | | १००० |
| ३ | ५०० भन्दा कम कुखुरा पाल्ने फम | | ५०० |
| **भ)** | **स्टेशनरी तथा पुस्तक (दर्ता नवीकरण )** | | |
| १ | स्टेशनरी सामान्य पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | | २००० |
| २ | स्टेशनरी सामान्य पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | | १००० |
| ३ | स्टेशनरी मात्र वा पुस्तक मात्र बिक्रि गर्ने पसल | | ५०० |
| **म)** | **फोटो स्टुडियो दर्ता तथा नवीकरण** | | |
| १ | गाउपालिकाका उच्च स्तरको पसल (कलर ल्याब समेत भएको) | | १५०० |
| २ | गाउपालिकाका मध्यम स्तरको पसल | | १००० |
| ३ | गाउपालिकाका सामान्य स्तरको पसल | | ५०० |
| **य)** | **सैलुन तथा व्यूटीपार्लर पसल दर्ता तथा नवीकरण** | | |
| १ | गाउपालिकाका राम्रो स्तरको पसल ४ सिट भन्दा बढि | | १००० |
| २ | गाउपालिकाका सामान्य स्तरको पसल (४ सिट भन्दा कम) | | ५०० |
| **र)** | **टेलर ( दर्ता तथा नवीकरण )** | | |
| १ | क श्रेणीको पसल (४ भन्दा बढि मेशिन राखेको पसल) | | १५०० |
| २ | ख श्रेणीको पसल (२ भन्दा कम मेशिन राखेको पसल) | | १००० |
| ३ | ग श्रेणीकोपसल (२ भन्दा कम मेशिन राखेको पसल) | | ५०० |
| **ल)** | **एग्रोभेट पसल (दर्ता तथा नवीकरण)** | | |
| १ | क श्रेणीको (थोक पसल) | | १५०० |
| २ | ख श्रेणीको (खुद्रा पसल) | | १००० |
| **व)** | **डिलर (दर्ता तथा नवीकरण)** | | |
| १ | चुरोट, विडि जस्ता धुम्रपानमा तथा सूर्तीजन्य | | २००० |
| २ | इन्धन तथा प्रज्वलनसिल पदार्थ तथा वस्तु विक्री केन्द्र | | २५०० |
| ३ | अन्य डिलरमा | | १००० |

| | | | |
|---|---|---|---|
| **स**) | **विशेष, परामर्श तथा अन्य व्यवसायिक सेवा (दर्ता तथा नवीकरण)** | | |
| १ | चिकित्सक | | १००० |
| २ | कविराज | | ५०० |
| ३ | इन्जीनियर | | १००० |
| **ष** | **विविध सेवा** | | |
| १ | कानुन व्यवसायी वरिष्ठ अधिवक्ता र अधिवक्ता | | १००० |
| २ | अभिकर्ता | | ५०० |
| ३ | लेखनदास | | २५० |
| ४ | लेखापरीक्षण क र ख श्रेणी | | १००० |
| ५ | लेखापरीक्षण ग श्रेणी | | ५०० |
| ६ | लेखापरीक्षण घ श्रेणी | | ३०० |
| ७ | दन्त चिकित्सक | | १००० |
| ८ | अनुसन्धान कर्ता तथा परामर्श दाता | | १००० |
| ९ | कम्प्यूटर एनालिष्ट तथा प्रोग्राम | | १००० |
| १० | बिमा एजेन्ट | | ५०० |
| ११ | अनुवादक | | ५० |
| १२ | पशु चिकित्सक | | १००० |
| १३ | सामान्य ढुवानी तथा कम्पनी | | १०० |
| १४ | नापी व्यवसाय | | १०० |
| १५ | विज्ञापन एजेन्ट | | ५० |
| १६ | वैदेशिक रोजगार एजेन्ट | | १५० |
| १७ | स्वदेशी रोजगार एजेन्ट | | १००० |
| १८ | सेक्रेटरीयल सेवा | | १००० |
| १९ | एयरलाइन्स र कार्गो सेवा | | २००० |
| २० | हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरीद बिक्रि रियल स्टेट | | १५०० |
| २१ | सटिङ्ग सामानहरु | | १००० |
| २२ | कवाडी सामान संकलन तथा बिक्रि | | १०० |
| २३ | डाइ क्लिनर्स | | ५०० |
| २४ | साइन बोर्ड बनाउने पेन्टिङ्ग सेवा | | ३०० |
| २५ | फुल र विरुवा बिक्रेता | | २०० |
| २६ | सिसा, प्लाईउड बिक्रेता | | ३० |
| २७ | खेलौना र उपहार गिफ्ट बिक्रेता | | ३०० |
| **श**) | **चुरा पोते पसल (दर्ता तथा नवीकरण)** | | |
| १ | क श्रेणी ( ब्यूटी पार्लर) महिला | | १००० |

| | | | |
|---|---|---|---|
| २ | ख श्रेणी | | ५०० |
| **ह** | **चस्मा पसल (दर्ता तथा नवीकरण)** | | |
| १ | चिकित्सक सेवा सहितको | | १५०० |
| **क्ष** | **मसाज पार्लर (दर्ता तथा नवीकरण)** | | १५०० |
| **त्र** | **औद्योगिक कारखाना तथा उद्योगहरु** | | |
| १ | चामल, दाल, पिठो, तेल उत्पादन गर्ने र गल्ला खरीद सहित ठूलो उद्योगबाट | | २००० |
| २ | चामल, दाल, पिठो, तेल उत्पादन गर्ने मिनि प्लान्टमा | | १५०० |
| ३ | सामान्य पसल | | १००० |
| ४ | डेरी ठूलो पसल | | १५०० |
| ५ | दुध संकलन केन्द्र | | १००० |
| ६ | काठ चिरान मिल | | ५००० |
| ७ | फर्निचर, काठ, चिरान मिल | | २००० |
| ८ | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ,ब्लक, गमला बनाउनेबाट क श्रेणी | | ३५०० |
| ९ | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट ख श्रेणी | | २५०० |
| १० | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्याम पाइप, पिलर, रिङ, ब्लक, गमला बनाउनेबाट ग श्रेणी | | १५०० |
| ११ | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योगबाट | | २००० |
| १२ | पाउरोटी सर्वत बनाउने उद्योगबाट | | १५०० |
| १३ | मैनबत्ती उद्योगबाट | | ५०० |
| १४ | साबुन सोडा उत्पादन उद्योगबाट | | १००० |
| १५ | चाउमीन उत्पादन उद्योगबाट | | १००० |
| १६ | काठको गिलास ठेकी उत्पादन उद्योगबाट | | ५०० |
| १७ | सोलार व्यवसाय | | १५०० |
| १८ | जडिबुटि बिक्रि तथा प्रशोधन | | ५००० |
| १९ | साउन्ड सिस्टम भाडामा तथा बिक्रि | | ५०० |
| २० | खसीबोका बिक्री केन्द्र (दर्ता तथा नविकरण) | | १५०० |
| २१ | होम स्टे दर्ता□नविकरण | | १००० |
| २२ | कोल्ड स्टोर दर्ता□नविकरण | | ५००० |

**पुनश्च :- महिला अपाग, दलितको नाममा व्यावसाय दर्ता गर्दा दर्ता शुल्कको २५% छुट दिने ।**

गाँउपालिका

# अनुसूची ५

## (दफा ६ सँग सम्बन्धित)

## जडिबुटी, कवाडी र जीवजन्तु सम्बन्धी कर

| क्र. सं | करको किसिम | ईकाइ | करको दर<br>प्रति के.जि..( रु.) |
|---|---|---|---|
| क | ऊन (प्राकृतिक, कृत्रिम, जगर) | प्रति के. जी. | २ |
| ख | खोटो | प्रति के.जि . | ३ |
| ग | मेटा | प्रति के जी | ३ |
| **ग** | **जटिबुटीहरु** | | |
| १ | सुनगाभा | प्रति के.जि. | २० |
| २ | टिमुर | प्रति के.जि. | ५ |
| ३ | काफल बोको | प्रति के.जि. | ३ |
| ४ | काउलो | प्रति के.जि. | ५ |
| ५ | पाखनवेद | प्रति के.जि. | १० |
| ६ | चुत्रो बोको | प्रति के.जि. | ५ |
| ७ | चुत्रोको डाठ वा जरा | प्रति के.जि. | २ |
| ७ | समयो | प्रति के.जि. | ५ |
| ८ | रुदाक्षे | प्रति के.जि. | १० |
| ९ | गुच्ची च्याउ | प्रति के.जि. | १०० |
| १० | बोभ्रो | प्रति के.जि. | ५ |
| ११ | काठ प्रति क्यू फीट(साल) | प्रति के.जि. | २५ |
| १२ | काठ प्रति क्यू फीट(सल्ला) | प्रति के.जि. | १५ |
| १३ | कुकाठ प्रति क्यू फीट | प्रति के.जि. | १५ |
| घ | जीवजन्तु हाडखोर कानुनले निषेद्य गरेका बाहेक मृत पशुको हाड, सिंग, छाला आदि | प्रति के.जि. | २ |
| ङ | बनकस (खर), बाबियो, मलहन पत्ता, छ्वाली, पराल, वगास, निगालो, लोकता, पटेर,अम्लिसो (कुच्चो), घाँस | प्रति के.जी. | २ |
| **च** | **कवाडी मालसामान .** | | |

| | | | |
|---|---|---|---|
| १. | खाली सीसी (वियर) वोतलको साइज हेरी | प्रति गोटा | १० पैशा |
| २. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | प्रति गोटा. | १० पैशा |
| ३. | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल | प्रति गोटा. | ५ पैशा |
| ४. | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदी । | प्रति के.जी. | ५० पैशा |
| ५. | खाली बोरा : | प्रति बोरा | १० पैशा |
| ६. | तेलको टिन : | प्रति गोटा | १० पैशा |
| ७. | पुनः प्रशोधन (Recycling ) गरी पुनः प्रयोग हुन सक्ने<br>झिण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा)<br>गार्मेण्टको कपडाको टुक्रा<br>जलेको मोविल<br>जुट र प्लाष्टिकका बोरा .<br>कार्पेटका टुक्रा<br>टायरट्यूब<br>थोत्रो टिन<br>पुरानो ड्रम<br>पुराना कागज (अखबार, न्यूजप्रिन्ट)<br>पुराना अन्य कागज (कार्टुन समेत) .<br>धातुका टुक्राहरू र पत्रुभइ काम नलाग्ने भएका धातु सामानहरू<br>(क) फलाम<br>(ख) अन्य धातु (पित्तल, तामा आदि)<br>(ग) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार<br>पोलिथिन पाइपका टुक्राहरू<br>सिसा (लिड) को धुलो वा टुक्रा<br>काँचको धुलो र टुक्रा | प्रति के.जी | रु. १ |

## अनुसूची ६
### (दफा ७ सँग सम्बन्धित)
### सवारी साधन कर

| क्र.सं. | विवरण | | करको दर |
|---|---|---|---|
| १ | अटोरिक्सा /टेम्पु/विद्युतीय रिक्सा | | २००।०० |
| २ | पावरटेलर | | ५०।०० |
| ३ | हातेटेक्टर | | ५०।०० |

## अनुसूची ७
### (दफा ८ सँग सम्बन्धित)
### विज्ञापन कर

| सि.नं | विज्ञापनको किसिम | एकाई | दर रु. (वार्षिक) |
|---|---|---|---|
| १ | होर्डिङबोर्ड (मदिरा तथा सूर्तीजन्य बाहेक) | प्रतिबर्गफिट | २५ |
| २ | होर्डिङबोर्ड (मदिरा तथा सूर्तीजन्य मात्र) | प्रतिबर्गफिट | ५० |
| ३ | ब्यानर सडक वारपार भएको (वढीमा १५ दिन) | प्रति पिस | १५० |
| ४ | ब्यानर पोल झुण्डाउने (वढीमा १५ दिन) | प्रति पिस | २५ |
| ५ | सूचनामूलक वालपेन्टिङ | प्रतिबर्गफिट | ३ |
| ६ | डिजिटल बोर्ड | प्रतिवर्गफिट | १० |

## अनुसूची ८
### (दफा ९ सँग सम्बन्धित)
### मनोरन्जन कर

| सिनं. | मनोरञ्जनको क्षेत्र | करको दर |
|---|---|---|
| १ | खेलकुद | रु.१५०० |
| २ | सर्कस/चटक जादु | रु.५०० |
| ३ | पार्क गार्डन | १०% (टिकट दरको) |
| ४ | मेला/महोत्सव | रु. २५०० |

## अनुसूची ९
### (दफा १०सँग सम्बन्धित)
### बहाल बिटौरीकर

| सि.नं | विबरण | करको दर |
|---|---|---|
| १ | हाट बजार (प्रति स्टल) | रु ५०० बार्षिक |
| २ | पार्क/गार्डेन भिउटावर प्रति व्यक्ति प्रति पटक | रु ५० |
| ३ | सरकारी जग्गाभाडा (प्रति रोपनी) | रु ५०० वार्षिक |
| ४ | टेलिकम टावर/वाईफाई टावर | रु १००० बार्षिक |
| ५ | बाटो छेउका अस्थायी पसल भाडा (प्रति स्टल) | रु १००० बार्षिक |

## अनुसूची १०
### (दफा ११ सँग सम्बन्धित)
### पार्किङ शुल्क

| सि.नं | विबरण | दर |
|---|---|---|
| १ | मोटरसाइकल प्रति दिन | रु. १० |
| २ | निजी,कार, जिप, डेलिभरी भ्यान प्रति दिन | रु. ५० |
| ३ | अटो रिक्सा/टेम्पो प्रति दिन | रु. १० |
| ४ | मिनि ट्रक/बस प्रति दिन | रु. १०० |
| ५ | ट्रक/बस प्रति दिन | रु. २०० |
| ६ | ट्र्याक्टर प्रति दिन | रु. १०० |
| ७ | पावरटेलर प्रति दिन | रु. ५० |
| ८ | एक्साभेटर प्रति दिन | रु. ५०० |
| ९ | क्रेन/दमकल/रोलर प्रति दिन | रु. ५०० |

## अनुसूची ११
### (दफा १२ सँग सम्बन्धित)
### ट्रेकिङ्ग,कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याङफ्टीङ्ग शुल्क

| सि.नं | सेवाको विवरण | करको दर |
|---|---|---|
| १ | ट्रेकिङ प्रति पटक | रु १००० |
| २ | कोयोनिङ प्रति पटक | रु ५०० |
| ३ | क्यानोइङ प्रति पटक | रु ५०० |
| ४ | बञ्जीजम्प प्रति पटक | रु ५०० |
| ५ | र्‍याफ्टिङ प्रति पटक | रु १००० |
| ६ | साईकिलिङ्ग प्रति पटक | रु. ५०० |

## अनुसूची १२
### दफा १३ संग सम्बन्धित
### सिफारिस, सेवाशुल्क र दस्तुर

| सि.नं | सेवाको विबरण | दर |
|---|---|---|
| १ | गा पा तथा वडा कार्यालयबाट हुने सामान्य | २००।०० |
| २ | ठेक्का सम्झौता म्याद थप सम्झौता | कबोल अंकको ०.०५% |
| ३ | स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य संस्थाहरुमा लिइने बिरामी पुर्जा शुल्क | रु.१० |

| | | |
|---|---|---|
| ४ | गुराँस अस्पताल (विशेषज्ञ सेवा सहित)मा लिइने बिरामी पुर्जा शुल्क | रु.२० |
| ५ | परीक्षा दस्तुर | १. श्रैणी बिहिनका लागि रु.५००<br>२. चौथो र पाँचौं तहका लागि रु.१०००<br>३. अधिकृतस्तरका लागि रु.१५०० |
| ६ | योजना निर्माण सेवा शुल्क | - रु. ५ लाख सम्मको रु.५००।—<br>- रु. ५ लाख देखि १० लाख सम्मको रु.१०००।—<br>- रु.१० लाख  देखि २५ लाख सम्मको रु.१५००।—<br>- २५ लाख देखि ५० लाख सम्मको रु. २०००।—<br>- ५० लाख भन्दा माथि रु. २५००।- |
| ७ | अटो रुट परमिट शुल्क | - तल्लो डुङ्गेश्वरबाट जिरो प्वाइन्ट र सेप्टी रु. २००० (नवीकरण रु. १०००।-)<br>- जिरो प्वाइन्ट देखि घोडावास रु. २०००।— (नवीकरण रु. १०००।-)<br>- तल्लोडुङ्गेश्वर देखि पातिकान्ला, धरमपोखरा देखि रातानाङ्गला र रानीमत्ता सम्म रु. २०००।- (नवीकरण रु. १०००।-) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्युयुत महशुल दर | | | | | | | | |
| | सिङ्गल फेज तल्लो (२३० भोल्ट) | | | | | | | | |
| | कि.वा. घण्टा (मासिक) | ५ एम्पियर | | १५ एम्पियर | | ३० एम्पियर | | ६० एम्पियर | |
| | | मासिक न्युनतम शुल्क रु. | २० युनिट भन्दा माथि प्रति युनिट | मासिक न्युनतम शुल्क रु. | २० युनिट भन्दा माथि प्रति युनिट | मासिक न्युनतम शुल्क रु. | २० युनिट भन्दा माथि प्रति युनिट | मासिक न्युनतम शुल्क रु. | २० युनिट भन्दा माथि प्रति युनिट |
| | ० देखि २० | ५० | १२.५ | ७० | १५ | ९५ | १७.५ | १४५ | १९.५ |
| | सेवाको विवरण | | | | दर | | | | |
| | १० के.भि. ए. सम्म | | | | १० के.भि. ए. भन्दा माथि | | | | |
| | मासिक न्युनतम रु. | | २० युनिट भन्दा माथि | | मासिक न्युनतम रु. | | | २० युनिट भन्दा | |

| | | | | |
|---|---|---|---|---|
| | रु.१२०० | प्रति युनिट रु. १२ | रु.१९०० | प्रति युनिट रु. १२ |
| | थ्रि फेज मझौता भोल्टेज (३३/११ के.भि.) | | | |
| | मासिक न्युनतम रु. | | २० युनिट भन्दा माथि | |
| | १०५००।- | | प्रति युनिट रु. १२ | |
| ९ | NGO/INGO कार्यक्रमको लागि सिफारिस | | ५००।०० | |
| १० | निदेवन दर्ता दस्तुर | | २५।०० | |
| ११ | नेपाल सरकारको घर जग्गा भए प्रति घर, व्यापार, जग्गा प्रति रोपनी (बार्षिक) | | १०००।०० | |
| १२ | सामूदायिक वनको जग्गा लिज उपलव्ध वापत घर□जग्गा प्रति रोपनी (चौमासिक) | | १००० | |
| १३ | सार्वजनिक सम्पत्ति नष्ट भएको दण्ड जरिवाना | | मेलमिलाप समितिको निर्णयानूसार | |
| १५ | सामूदायिक वन दर्ता□नविकरण सिफारिस गर्दा | | जम्मा आम्दानीको १० प्रतिशत | |
| १६ | सामुदायिक वन सूचीकृत | | १००० | |
| १७ | उपभोक्ता समिति दर्ता प्रमाणपत्र | | ५०० | |
| १९ | आर्थिक माग सम्बन्धी सिफारिस (जोखिम वर्गलाई) | | निशूल्क | |
| २० | विटौरी ईजाजत नविकरण दस्तुर | | १०००।०० | |
| २१ | सर्जमिन मुचुल्का सामान्य | | ५००।०० | |
| २२ | नक्सा निवेदन अभिलेखीकरण किताव | | १०००।०० | |
| २३ | घर निर्माण नक्साको नक्कल प्रतिपाना | | १५।०० | |
| २४ | घर नक्सापास नामसारी आर.सि.सि. | | ३०००।०० | |
| २५ | घर नक्सापास नामसारी कच्ची घर | | १०००।०० | |
| २६ | घर नक्सापास संशोधन | | २०००।०० | |
| २७ | घर नक्सापास म्याद थप | | ५ प्रतिशत | |
| २८ | प्राविधिक अवलोकन प्रतिवेदन दस्तूर | | १०००।०० | |
| २९ | निर्माण सम्पन्न प्रमाण पत्र | | १०००।०० | |
| ३० | अस्थाई निर्माण सम्पन्न प्रमाण पत्र (प्रति तला ढलान भएपछि) | | १०००।०० | |
| ३१ | नागरिकता सिफारिस नयाँ | | उमेर पुगेको १ बर्ष भत्र सफारिस भए निशुल्क तर १ बर्ष पछि सफारिस भए **रु २००** | |
| ३२ | नागरिकता प्रतिलिपि सिफारिस | | ५००।०० | |
| ३३ | नागरिकता सिफारिस (अंगीकृत) | | २०००।०० | |
| ३४ | पतिको नामथर कायम गरि नागरिकता सिफारिस (अनुसूची फाराम बाहेकको) | | ५००।०० | |
| ३५ | गैर आवासिय नागरिकता | | **५०००।००** | |
| ३६ | बिद्युत जडान सिफारिस वा विद्युत सेवा शुल्क | | ३००।०० | |
| ३७ | बिद्युत थ्रिफेज जडान सिफारिस | | २०००।०० | |

| | | |
|---|---|---|
| ३८ | विद्युत, टेलीफोन, धारा, व्यवसाय नामसारी सिफारिस | १०००।०० |
| ३९ | विद्युत सेवा शुल्क मिटरबक्स वापत | **३२३५।००** |
| ४० | कन्सुलर प्रमाणित प्रतिपाना | २५।०० |
| ४१ | सम्पत्ति कर रसिद प्रतिलिपि | ५०।०० |
| ४२ | प्रतिलिपी प्रतिपाना | ५।०० |
| ४३ | प्रतिलिपी प्रमाणित प्रतिपाना | १०।०० |
| ४४ | सामुदायिक विद्यालयको बाह्य लेखा परीक्षणका लागि सूचीकृत निवेदन दस्तुर प्रति फर्म/व्यक्ति | १५०० । ०० |
| ४५ | निर्माण तथा सेवा परामर्श खरिदका लागि प्रस्तावना निवेदन दस्तुर | ५०० |
| ४६ | **खानेपानी धारा जडान सिफारिस** | |
| १ | व्यक्तिगत धारा | २००।०० |
| २ | सामूहिक धारा प्रति सदस्य | ५०।०० |
| ३ | संस्थागत धारा | १०००।०० |
| ४ | खानेपानी धारा नामसारी | ५००।०० |
| ५ | खानेपानी, सिचाई मूल दर्ता ५ घरधूरी सम्म | १०००।०० |
| ६ | खानेपानी, सिचाई मूल दर्ता ५ घरधूरी भन्दा माथि | २०००।०० |
| ७ | खानेपानी, सिचाई मूल नवीकरण | ५०० |
| ४७ | **घर बाटो□जग्गा नामसारी□रजिष्टेशन सिफारिश** | |
| १ | बाटो (कच्ची) | ५००।०० |
| २ | बाटो (ग्राभेल) | १०००।०० |
| ३ | बाटो (पक्की वा पिच) | २०००।०० |
| ४ | घरबाटो प्रमाणित प्रतिकित्ता (तर ३ आना तथा ५ धूर भन्दा कम क्षेत्रफल हुन आउने जग्गामा जति कित्ता भए पनि रु. ५००) | ५००।०० |
| ५ | स्रेस्ता कायम सिफारिस | १००।०० |
| ६ | जग्गा नामसारी सिफारिस | ५००।०० |
| ७ | अंग्रेजीमा सिफारिस | १०००।०० |
| ८ | अंग्रेजी सिफारिस फोटो प्रमाणित सहित | १५००।०० |
| ९ | चार किल्ला प्रमाणित | ५००।०० |
| १० | नावालक प्रमाणित | २००।०० |
| ११ | जग्गाधनी पुर्जा प्रतिलिपि सिफारिस | ७००।०० |
| १२ | पेन्सन सम्बन्धी सिफारिस | १०००।०० |
| १३ | नाम थर फरक सिफारिस | २००।०० |
| १४ | घर जग्गा नामसारी तथा रजिष्टेशन सिफारिस | ५००।०० |
| १५ | औद्योगिक प्रयोजन सिफारिस | १०००।०० |

| | | |
|---|---|---|
| १६ | अंशवण्डा सिफारिस | १०००।०० |
| १७ | वैदेशिक काम प्रयोजनको सिफरिस भारत बाहेक अन्य देश | १०००।०० |
| १८ | भारतको लागि कुनै पनि सिफारिस | ५००।०० |
| १९ | गरिव तथा विपन्न सिफारिस | निशूल्क |
| २० | दलित तथा जनजाति सिफारिस | निशूल्क |
| २१ | पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि सिफारिस | निशुल्क |
| २२ | कुनै पनि संघ संस्था क्लव खोल्ने सिफारिस | १०००।०० |
| ४८ | **संघ संस्था व्यावसाय दर्ता तथा नवीकरण सिफारिस (अडिट रिपोर्टको आधारमा)** | |
| १ | रु.३ लाख सम्म कारोबार भएकोलाई | ५०० |
| २ | रु.१० लाख सम्म कारोबार भएकोलाई | १००० |
| ३ | रु.२५ लाख सम्म कारोाबर भएकोलाई | १५०० |
| ४ | रु.२५ लाख भन्दा बढी कारोबार भएकालाई | २००० |
| ५ | फाईनान्स, सटही काउण्टर खोल्ने सिफारिस | १५००।०० |
| ६ | क वर्ग बैंक | १००००।०० |
| ७ | ख वर्ग बैंक | ७०००।०० |
| ८ | ग वर्ग बैंक | ५०००।०० |
| ९ | घ वर्ग बैंक | १५००।०० |
| १० | चरित्र सम्बन्धी प्रहरी लगायत अन्य संघ संस्थामा सिफारिस | ५००।०० |
| ११ | छात्रवृत्ति सिफारिस | १००।०० |
| १२ | स्थायी बसोबास प्रमाणित | २००।०० |
| १३ | नोकरी अवधि तथा विदाको सिफारिस | निशूल्क |
| १४ | बन्द कोठा, घर, पसल आदि खोल्ने मुचुल्का (पिडक बाट) | ५००।०० |
| १५ | वडाबाट पनि सिफारिस गर्नु पर्नेमा थप | १००।०० |
| १६ | कच्चीघर भत्काउने ईजाजत | ५००।०० |
| १७ | पक्की घर भत्काउने ईजाजत | १०००।०० |
| १८ | नाता प्रमाणित नेपालीमा | ५००।०० |
| १९ | नाता प्रमाणित अंगेजीमा | १०००।०० |
| २० | व्यक्तिगत घटना दर्ता | संघीय ऐन वमोजिम हूने |
| २१ | हकवाला संरक्षण सम्बन्धि सिफारिस | १०००।०० |
| २२ | बकसपत्र सिफारिस | १०००।०० |
| २३ | अपुताली सिफारिस | ५०००।०० |
| २४ | व्यक्तिगत घटना दर्ता जरिवाना | संघीय ऐनले तोकेवमोजिम हूने |
| २५ | अमिन दस्तुर प्रति कित्ता | २५००।०० |
| २६ | स्थलगत सर्जमिन मुचुल्का | १५००।०० |
| २७ | व्यवसाय दर्ता प्रमाण पत्र | ३००।०० |

| | | | |
|---|---|---|---|
| २७ | व्यावसाय नविकरण दस्तुर ५ लाख सम्मको | | **२००।००** |
| २८ | व्यवसाय दर्ता प्रमाण पत्र प्रतिलिपी | | ५००।०० |
| २९ | व्यवसाय दर्ता दस्तुर | | ५००।०० |
| ३० | व्यवसाय ठाउसारी□नामसारी, नाम परिवर्तन | | ५००।०० |
| ३१ | व्यवसाय वन्द खारेजी सिफारिस | | ५००।०० |
| ३२ | उद्योग ठाउसारी | | २०००।०० |
| ३३ | करचूक्ता प्रमाण पत्र सिफारिस | | आन्तरिक राजश्व कार्यालयको नियमानुसार |
| ३४ | सनाखत सिफारिस | | २००।०० |
| ३५ | नेपाली कागजको फाराम प्रतिगोटा | | २५।०० |
| ३६ | विशेष सुविधा प्राप्त गर्ने अन्य सिफारिस | | ५००।०० |
| ३७ | सम्पति मूल्या□न तथा आयश्रोत प्रमाणित सयकडा | | ०.०५ प्रतिशत |
| ३८ | मिलापत्र दस्तुर दुवै पक्षबाट | | ५००।०० |
| ३९ | निर्माण व्यावसाय फर्म पसल सूचीकृत | | ५०० । ०० |
| | अन्य ब्यावसायिक फर्म पसल सूचीकृत | | २०० । ०० |
| ४० | पारिवारीक नाता विवरण प्रमाणित | | ५०० । ०० |
| ४१ | व्यक्तिगत घटनादर्ता प्रमाणित | | ५०० । ०० |
| ४२ | विद्युत एम सि वि क्षमता वृद्धि | | ५०० । ०० |
| ४३ | व्यवसायिक प्रयोजन अनुमति दस्तुर | | ५०० । ०० |
| **४९** | **घर मूल्या□न** | | |
| १ | क. १००० वर्गफूट सम्म | | ३००।०० |
| २ | ख. १००१ देखि १५०० वर्गफूट सम्म | | ५००।०० |
| ३ | ग. १५०१ देखि २००० वर्गफूट सम्म | | ८००।०० |
| ४ | घ. २००१ देखि ३००० वर्गफूट सम्म | | १०००।०० |
| ५ | □. ३००० वर्गफूट देखि माथि | | १५००।०० |
| **५०** | **विद्यालय खोल्ने स्वीकृतिको लागि सिफारिस** | | |
| १ | पूर्व प्राथमिक तथा मन्टेश्वरी | | २५००।०० |
| २ | आधारभूत | | ५०००।०० |
| ३ | मा.वि. | | १००००।०० |
| ४ | क्याम्पस | | १५०००।०० |
| ५ | प्राविधिक शिक्षण संस्था | | ७०००।०० |
| ६ | ट्यूसन तथा कोचि□ सेन्टर सञ्चालन | | २०००।०० |
| ७ | स्तरोन्नति सिफारिस | | १०००।०० |
| **५१** | **रुख कटान** | | |
| १ | आफ्नै जग्गामा कटान गर्ने विक्रि नगर्ने) | | १०००।०० |
| २ | काठ कटान गरी विक्रि गर्ने | | २५००।०० |
| ३ | ठेकेदारबाट संकलन तथा निकासी कर | | ५०।०० |

| | | |
|---|---|---|
| | (प्रति क्यु. फिट) | |
| **५२** | **सडक फोड्ने ईजाजत धरौटी ५० प्रतिशत क□ हुने** | |
| १ | पिच सडक तथा आर.सि.सि. (प्रति मि.) धरौटी | ५०००।०० |
| २ | ढु□ा छापेको बाटो (प्रति मि.) धरौटी | २५००।०० |
| ३ | पिच सडक तथा आर.सि.सि. (प्रति मि.) इजाजत | ५००।०० |
| ४ | ढु□ा छापेको बाटो (प्रति मि.) इजाजत | ५००।०० |
| ५ | अन्य प्रति वर्गमिटर | २००।०० |
| **५३** | **उद्योग स्थापना सिफारिस** | |
| १ | रु.५ लाखसम्म पूँजी भएको | १०००।०० |
| २ | रु.५ लाख २५ लाखसम्म पूँजी भएका | १५००।०० |
| ३ | रु.२५ लाख देखि ५० लाखसम्म पूँजी भएका | २०००।०० |
| ४ | रु.५० लाख देखि १ करोडसम्म पूँजी भएका | ३०००।०० |
| **५** | रु.१ करोड भन्दा माथि पूँजी भएका | ५०००।०० |
| **५४** | **अध्ययन अवलोकन दस्तुर** | |
| **१** | निजी नर्सि□ क्याम्पस प्रति विद्यार्थी | १००।०० |
| २ | सामुदायिक नर्सि□ क्याम्पस प्रति विद्यार्थी | ५०।०० |
| ३ | सोधपत्र तथा अन्य अध्ययन | १०००।०० |
| **५५** | **सडक उपभोग शुल्क** | |
| १ | बस ६ चक्के ट्रक | रु. ४०।०० |
| २ | टीपर, १०□१२ चक्काको ट्रक | रु. ६०।०० |
| ३ | मिनीबस, मिनीट्रक, ट्याक्टर | रु. ३०।०० |
| ४ | भारतीय नम्बर प्लेटका सवारी साधन | रु. १०००। |
| ५ | भ्याकुलोडर | रु. १५०।०० |
| **५६** | **वनभोज□पिकनिक शुल्क** | |
| १ | १० जना सम्म | ५००।०० |
| २ | २० जना सम्म | १०००।०० |
| ३ | ४० जना सम्म | २०००।०० |
| ४ | ७० जना सम्म | ३०००।०० |
| ५ | १०० जना सम्म | ४०००।०० |
| ६ | १०० भन्दा माथि | ५०००।०० |
| ७ | डाई पिकनिक प्रति समूह | १००।०० |
| **५७** | **चलचित्र छाया□न शुल्क** | |

| | | |
|---|---|---|
| १ | फिचर फिल्म सुटि□ प्रतिदिन | २०००।०० |
| २ | टेलि फिल्म सुटि□ प्रतिदिन | १०००।०० |
| ३ | बृत्तचित्र सुटि□ प्रतिदिन | ५००।०० |
| **५८** | **दर्ता, अनूमति नवीकरण दस्तूर** | |
| १ | औषधी पसल | १०००।०० |
| २ | स्थानीय व्यापारिक फर्म | ५००।०० |
| ३ | अन्य सेवा तथा व्यवसायको प्रकृतिको आधारमा | १०००।०० |
| ४ | स्थानीय व्यापारिक कृषि फर्म दर्ता | ७००।०० |
| ५ | विभिन्न नेटवर्क टावर(प्रति रोपनी स्थानको) | १००००।०० |
| **५९** | **कृषि तथा पशुपंक्षी तर्फ** | **दर रु.** |
| क | समूह दर्ता | ५०० |
| ख | समूह नवीकरण | २५० |
| ग | रासायनिक मल इजाजत पत्र दर्ता/नवीकरण | ५०० |
| घ | कृषि तथा पशुपंक्षी अनुदान कार्यक्रम माग शुल्क | २०० |
| ङ | कृषि कार्यक्रम अन्य निकाय सिफारिस | २०० |
| च | रासयनिक मल सिफारिस | २०० |
| छ | सुन्तला कलमी प्रति विरुवा | संघीय दररेट वमोजिम ७५ |
| ज | सुन्तला विजु प्रति विरुवा | संघीय दररेट वमोजिम ४५ |
| झ | कागती कलमी प्रति विरुवा | संघीय दररेट वमोजिम ७५ |
| ञ | कागती विजु प्रति विरुवा | संघीय दररेट वमोजिम ४५ |
| ट | माल्टा विजु प्रति विरुवा | संघीय दररेट वमोजिम ४५ |
| ठ | अमिलो विजु प्रति विरुवा | संघीय दररेट वमोजिम ४५ |
| ड | आँप दसरी प्रति विरुवा | संघीय दररेट वमोजिम ८५ |
| ढ | आँप अम्रपाली प्रति विरुवा | संघीय दररेट वमोजिम ११५ |
| ण | लिचि कलमी प्रति विरुवा | संघीय दररेट वमोजिम ८५ |
| त | ओखर कलमी प्रति विरुवा | संघीय दररेट वमोजिम २५० |
| थ | ओखर विजु प्रति विरुवा | संघीय दररेट वमोजिम ७५ |
| द | टिमुर प्रति विरुवा | संघीय दररेट वमोजिम ४५ |
| ध | एभोकार्डो प्रति विरुवा | संघीय दररेट वमोजिम ७० |
| न | संरक्षित जालीघरभित्र उत्पादित सुन्तला कागती | संघीय दररेट वमोजिम १५० |
| प | किवि कलमी प्रति विरुवा | संघीय दररेट वमोजिम १५० |
| फ | अम्बा विजु प्रति विरुवा | संघीय दररेट वमोजिम ४० |

| | | |
|---|---|---|
| ब | तिनपाते सुन्तला प्रति विरुवा | संघीय दररेट वमोजिम २५ |
| भ | पशुपंक्षी नाम दर्ता शुल्क (प्रति पशु) | गाइगोरु- १० <br> राँगो भैसी-१५ <br> खरायो र बाखा-५ <br> कुखुरा-५ <br> कुकुर-२० <br> घोडा खच्चर-२५ |
| म | कृत्रिम गर्भाधान शुल्क | गाइ भैसी-१५० <br> बाखा-५० |
| य | क्यास्ट्रेसन (खसी बनाएको) | बोका-२५ <br> बहर र राँगो-१०० <br> कुकर र बँगुर-१०० <br> घोडा -५०० |
| र | रेबिज खोप (शिविर बाहेक) | ५० |
| ल | पशुपंक्षी बिक्री निकासी कर | १ प्रतिशत |
| ६० | **घ वर्गको इजाजत□नविकरण** | |
| १ | घ वर्ग इजाजत पत्र दर्ता शुल्क(ठेक्का तथा लघुवित) | १०००० |
| २ | इजाजत पत्र नवीकरण शुल्क (६ महिना अघि) | ५००० |
| ३ | इजाजत पत्र नवीकरण शुल्क (६ महिना पछि) | ७००० |

## अनुसूची १३
## (दफा १४ सँग सम्बन्धित)
## पर्यटन शुल्क

| सि.नं | पर्यटनको क्षेत्र | दर रु. |
|---|---|---|
| १ | धार्मिक स्थल | नलाग्ने |
| २ | राउटे सस्कृति प्रदर्शन (१ पटक) | ५०००।०० |
| ३ | संग्रालय अवलोकन प्रतिपटक प्रति व्यक्ति | ५०।०० |
| ४ | मालिका पदयात्रा प्रतिदिन | १०००।०० |
| ५ | गुराँस संरक्षित क्षेत्र अवलोकन प्रतिदिन प्रति व्यक्ति | २०००।०० |
| ६ | हिम यात्रा प्रतिदिन प्रति व्यक्ति | १०।०० |
| ७ | भ्यु टावर अवलोकन प्रति घण्टा | ५०।०० |
| ८ | राउटे वस्ती अवलोकन एक पटकलाई | स्थानीय लाई रु. ५०, गुराँस गाउँपालिकाका बाहेकलाई रु.२००, विदेशीलाई रु.१०००। |
| ९ | राउटे बस्तीमा भिडियो डकुमेन्ट्री तथा सोधपत्र निर्माण दस्तुर | २५००।०० |
| १० | गुराँस गाउँपालिका समग्र पर्यटन क्षेत्र अवलोकन प्रति व्यक्ति (३ दिन भित्र) | रु. ५०० नेपाली <br> रु १००० विदेशी |

| | | |
|---|---|---|
| ११ | सरकारी साझेदारी फर्म अवलोकन | रु. ५० प्रति व्यक्ति<br>रु. १०० समूहगत |
| १२ | गुराँस संरक्षण पार्क नर्सरी अवलोकन (प्रति व्यक्ति) | रु १००।०० |

❖ प्रत्येक पर्यटकहरुको दुर्घटना वीमा रु. १ लाखसम्म गरिएको छ।

## अनुसूची १४

### (दफा १५ सँग सम्बन्धित)

### ढुङ्गा, गिट्टी, बालुवा तथा सिलेट ढुवानी तथा निकासी कर

| सि.नं. | कर शिर्षक | स्वीकृत दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | प्रति घन मिटर रु २०० | प्रदेश ऐन वमोजिम |

## अनुसूची १५

### (दफा १६ सँग सम्बन्धित)

### दहत्तर बहत्तर शुल्क

| सि.नं. | कर शिर्षक | स्वीकृत दर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | दाउरा प्रति भारी | १० | |
| २ | दहत्तर बहत्तर ढुवानी प्रति ट्याक्टर | १५० | |
| ३ | दहत्तर बहत्तर ढुवानी प्रति ट्रक टिपर | २५० | |
| ४ | सामुदायिक वन उपभोक्तालाइ (कुल आम्दानीको ) | १० प्रतिशत | |
| ५ | कुकाठ ढुवानी प्रति ट्याक्टर | रु. ५०० | |
| ६ | कुकाठ ढुवानी प्रति ट्रक | रु. १००० | |

गुराँस गाउँपालिका

## अनुसूची १६
## (दफा १७ सँग सम्बन्धित)
## घर नक्शा दस्तुर

| क्र.सं. | घरको बनावट | कर्णाली राजमार्ग (सुर्खेत- दैलेख सडक)सियाकोट- तल्लोडुङ्गेश्वर बजारमा नयां बन्ने घरको प्रतिवर्गफिटरू. | अन्य पिच सडक क्षेत्रमा नयां बन्ने घरको प्रति वर्गफिटरू. | अन्य सडक ग्राभेल/कच्चीमा बन्ने घरको प्रति वर्गफिटरू. | कैफियत |
|---|---|---|---|---|---|
| अ)आर.सि.सि.ढलान बनावट | | आ व २०८३।०८४ | | | |
| क | भुइतला | ५ | ४ | ३ | |
| ख | प्रथम तला | ६ | ५ | ४ | |
| ग | दोश्रो तला र सो भन्दा माथि | ६ | ५ | ४ | |

आ) अभिलेखीकरण प्रयोजनका लागि माथिको दस्तुर रकममा देहायको थप रकम लाग्नेछ :

क) पक्की घरमा ३० प्रतिशत
ख) कच्ची घरमा १० प्रतिशत

इ) नक्सापास पछि घर निर्माण रेखांकन शुल्क (Lay-out)

(क) ३५ वर्ग मी. सम्म रु.५००।००
(ख) ३६ वर्ग मी. देखि ७० वर्ग मी. सम्म रु.८००।००
(ग) ७१ वर्ग मी. देखि १०० वर्ग मी. सम्म रु.१२००।००
(घ) १०० वर्ग मी. देखि माथि सबै रु.१६००।००

## अनुसूची १७
## (दफा १८ सँग सम्बन्धित)
## एम्बुलेन्स शुल्क (गाउँपालिका देखि)

| क्र स | देखि | सम्म | शुल्क रु |
|---|---|---|---|
| १ | गुराँस गाउँपालिका रानिमत्ता | वीरेन्द्रनगर सुर्खेत, दैलेख बजार, र दैलेख दुल्लु | रु ३५०० |
| २ | गुराँस गाउँपालिका रानिमत्ता | नेपालगञ्ज बाँके | रु ७००० |
| ३ | गुराँस गाउँपालिका रानिमत्ता | चितवन | रु १५००० |
| ४ | गुराँस गाउँपालिका | काठ्माडौं | रु २०००० |
| | | | |

| गुराँसका विभिन्न स्थानबाट लाग्ने शुल्क | | | |
|---|---|---|---|
| क सं | स्टेशन | सुर्खेत | दैलेख |
| १ | वडा नं ४ तालपोखरी | रु ३५०० | रु ३५०० |
| २ | वडा नं ३ पातिकाँल्ला | रु ३५०० | रु ३५०० |
| ३ | वडा नं २ पुरैनी | रु ४००० | रु ३५०० |
| ४ | वडा नं २ तल्लोडुङ्गेश्वर | रु ४००० | रु ३५०० |
| ५ | वडा नं १ काफलतोली | रु ४००० | रु ३५०० |
| ६ | वडा नं ५ गोगनपानी | रु ३५०० | रु ३५०० |
| ७ | वडा नं ६ पिलाडी | रु ४००० | रु ४००० |
| ८ | वडा नं ८ धरमपोखरा | रु ४००० | रु ४००० |
| ९ | वडा नं ७ झुझ लालिकाँडा | रु ४५०० | रु ४५०० |

**अनुसूची १८**

**(दफा १९ सँग सम्बन्धित)**

**सवारी साधन उपयोग शुल्क (ब्याकहो लोडर)**

| क स | विवरण | प्रतिघण्टा रु | कैफियत |
|---|---|---|---|
| १ | इन्धन सहित | रु ३००० | |
| २ | इन्धन बाहेक | रु १७०० | इन्धन प्रयोगकर्ताले बेहोर्ने |

पुनश्चः ब्याकहो लोडर निर्माण स्थल सम्म पुग्दा र कार्यसम्पन्न पश्चात तोकिएको स्थानमा फर्किदा सम्मको समय समेत गणना हुनेछ।

गुराँस गाउँपालिका

## फोहोरमैला व्यवस्थापन शुल्क सम्बन्धी थप व्यवस्थाः

- न्युनतम शुल्क मासिक रु ५०
- किराना पसल शुल्क मासिक रु १००
- सानो चिया खाजा पसल मासिक रु १००
- ठुलो किराना खाद्यान्न पसल मासिक रु २००
- सामान्या खालको खाजा नास्ता खाना व्यवस्था भएको होटल मासिक रु ३००
- होटल तथा गेष्ठ हाउस मासिक रु ५००
- विशिष्ट होटल मासिक रु १०००

**आज्ञाले:**
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
गुराँस गाउँपालिका दैलेख।

गुराँस गाउँपालिका